## कार्यस्थलमा आधारित तालिम सञ्चालन कार्यविधि,२०८२

मन्त्रालयबाट स्वीकृत मितिः २०८२।०९।०६

**प्रस्तावनाः** आन्तरिक श्रम बजारमा रहेको रोजगारीको सम्भावनालाई उपयोग गर्नका लागि देशमा रहेका श्रमयोग्य जनशक्तिलाई दक्ष, प्रतिस्पर्धी र सीपयुक्त बनाई रोजगारीको पहुँच अभिवृद्धि गर्ने र रोजगारदातालाई त्यस्तो जनशक्ति आपूर्ति गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० को दफा १७ को उपदफा (२) को अधिकार प्रयोग गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कार्यस्थलमा आधारित तालिम सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले कार्यस्थलमा आधारित तालिम कार्यक्रम सम्झनु पर्छ।

(ख) "तालिम" भन्नाले कार्यस्थलको मेसिनरी, औजार, उपकरण, सिकाई सामाग्री, ज्ञान र प्रशिक्षक समेतको प्रयोग गरी कार्यस्थलमा नै रहेर कुनै निश्चित कार्यसम्पादन गर्नका लागि प्रशिक्षार्थीलाई आवश्यक पर्ने ज्ञान, सीप तथा मनोवृत्ति सिकाउने र सिक्ने कार्यस्थलमा आधारित अभ्यासमुखी प्रशिक्षण कार्य सम्झनु पर्छ।

(ग) "आदेश" भन्नाले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० सम्झनु पर्छ।

(घ) "प्रतिष्ठान" भन्नाले आदेशको दफा ३ को उपदफा (१) बमोजिम गठन भएको राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ र सो शब्दले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान अन्तर्गतका व्यावसायिक प्रशिक्षण केन्द्रलाई समेत जनाउँछ ।

(ङ) "प्रशिक्षार्थी" भन्नाले कार्यस्थलमा आधारित तालिमका लागि छनौट भएका अठार वर्ष देखि पचास वर्ष सम्मका बेरोजगार नेपाली नागरिक सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(छ) "रोजगारदाता" भन्नाले कार्यस्थलमा आधारित तालिम प्रदान गर्ने कुनै फर्म, कम्पनी, उद्योग, सहकारी वा संस्था सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले आदेशको दफा ३ बमोजिमको समिति सम्झनु पर्छ।

(झ) "समन्वय समिति" भन्नाले दफा ८ बमोजिमको कार्यक्रम समन्वय समिति सम्झनु पर्छ।

(ञ) "सामाजिक सुरक्षा कोष" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिमको सामाजिक सुरक्षा कोष सम्झनु पर्छ।

## परिच्छेद-२
## तालिम र पाठ्यक्रम सम्बन्धी

३. **तालिमको अवधिः** (१) आधारभूत सीपमूलक तालिमको अवधि न्यूनतम ३९० घण्टा देखि अधिकतम ७३० घण्टासम्मको हुनेछ।

(२) उपदफा (१) बमोजिमको तालिमको अवधि निर्धारण प्रतिष्ठान र रोजगारदाताबीच हुने समझदारीपत्रको आधारमा गरिनेछ।

(३) उपदफा (१) बमोजिमका तालिम लिई सकेका प्रशिक्षार्थीलाई प्रदान गरिने स्तरउन्नति (Upgrading), पुनः सीप तालिम (reskilling) र पुनः ताजकीकरण (refreshment) तालिमको अवधि कम्तिमा १६० घण्टा बढीमा सम्बन्धित पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ।

४. **पाठ्यक्रम सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधिको अनुसूची-१ मा तोकिएको क्षेत्रहरुमा समितिबाट स्वीकृत वा नेपाल सरकारबाट मान्यता प्राप्त निकायले स्वीकृत गरेका कार्यस्थलमा आधारित तालिम पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको पाठ्यक्रम निर्माण नभएको अवस्थामा सक्षमता र पदनाम सहितको पाठ्यक्रम वा तालिम म्यानुअल प्रतिष्ठानमा सिफारिस गर्न देहाय बमोजिमको उपसमिति रहनेछः-

(क) रोजगारदाताको प्रतिनिधिमूलक सङ्घ वा महासङ्घले तोकेको सम्बन्धित विषयको प्रतिनिधि वा प्रशिक्षक -संयोजक

(ख) रोजगारदाताको प्रतिनिधिमूलक सङ्घ वा महासङ्घको सिफारिसमा प्रतिष्ठानले तोकेको विषय-विज्ञ -सदस्य

(ग) प्रतिष्ठानको पाठ्यक्रम शाखाको अधिकृत -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम सिफारिस भएको पाठ्यक्रम वा तालिम म्यानुअल समितिले स्वीकृत गर्नेछ।

५. **प्रशिक्षण विधिः** (१) दफा ४ बमोजिमको पाठ्यक्रम अनुसारको प्रशिक्षण विधि निर्धारण गरी देहाय बमोजिम प्रशिक्षार्थीलाई प्रशिक्षण प्रदान गरिनेछः-

(क) कार्यस्थलमा आधारित तालिम मात्र,

(ख) कार्यस्थलमा आधारित तालिम साथै सैद्धान्तिक मोडुलको लागि कक्षाकोठा शैलीको सिकाइ तथा प्रतिष्ठानले तोकेको अन्य विधि।

(२) उपदफा (१) बमोजिमको विधिको अतिरिक्त प्रतिष्ठानले वा रोजगारदाताले प्रशिक्षार्थीलाई जीवन उपयोगी सीपसम्बन्धी तालिम दिनुपर्नेछ।

## परिच्छेद-३
## रोजगारीको सुनिश्चतता र साझेदारी

६. रोजगारीको सुनिश्चितता: (१) दफा ३ को उपदफा (१) बमोजिमको तालिम अवधि सम्पन्न भएपछि रोजगारदाताले प्रशिक्षार्थीलाई न्यूनतम देहाय बमोजिमको रोजगारीको सुनिश्चितता गर्नुपर्नेछ।

| क्र.स. | तालिम अवधि | न्यूनतम रोजगारीको अवधि |
|---|---|---|
| १. | एक महिना | दुई महिना |
| २. | दुई महिना | तीन महिना |
| ३. | तीन महिना | चार महिना |
| ४. | चारदेखि छ महिना | छ महिना |

(२) उपदफा (१) बमोजिम रोजगारीको सुनिश्चितता गरिएको वा नगरिएको अनुगमन तथा सुपरीवेक्षण श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग वा अन्तर्गतको कार्यालय वा व्यावसायिक प्रशिक्षण केन्द्र वा स्थानीय तहका रोजगार सूचना केन्द्रका कर्मचारीको सहयोगमा प्रतिष्ठानले गर्नेछ र सो अनुगमन तथा सुपरीवेक्षणको कार्यमा सम्बन्धित रोजगारदाताले सहयोग गर्नुपर्नेछ।

(३) दफा (३) को उपदफा (३) बमोजिमको तालिम लिएका प्रशिक्षार्थीहरुलाई न्यूनतम दुई महिना वा तालिम अवधिभन्दा बढी कम्तिमा १ महिना बढी अवधिको रोजगारीको रोजगारदाताले सूनिश्चितता गर्नुपर्नेछ।

७. प्रतिष्ठान र रोजगारदाताबीच साझेदारी: (१) प्रतिष्ठान र रोजगारदाताको देहाय बमोजिमको साझेदारीका आधारमा कार्यक्रम सञ्चालन गरिनेछ:-

(क) दफा ३ बमोजिमको तालिम अवधिभरको प्रशिक्षार्थीको नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा कोषमा योगदान गर्ने रकम समेत बेहोर्ने जिम्मेवारी प्रतिष्ठानको हुनेछ।

(ख) प्रशिक्षकको हकमा तालिम अवधिभरको न्यूनतम राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको सुरु तलबमान बराबरको पारिश्रमिक खर्च बेहोर्ने जिम्मेवारी प्रतिष्ठानको हुनेछ।

(ग) उत्पादन गर्ने सामाग्रीको कच्चापदार्थ, कुर्सी, कपडा फेर्ने तथा आराम गर्ने स्थान, भोजन गर्ने स्थान, शौचालय, लगायतका अत्यावश्यक सुविधाहरू तथा सुरक्षा उपकरण, यन्त्र तथा औजार र कार्यस्थलको खर्च बेहोर्ने जिम्मेवारी सम्बन्धित रोजगारदाताको हुनेछ।

(घ) दफा ६ बमोजिमको रोजगारी सुनिश्चितताको अवधिभर प्रशिक्षार्थीलाई न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा कोषमा योगदान गर्ने रकम समेत बेहोर्ने जिम्मेवारी सम्बन्धित रोजगारदाताको हुनेछ।

## परिच्छेद-४
## समन्वय समिति

८. **समन्वय समितिको गठनः** (१) तालिमको सञ्चालनमार्फत रोजगारी सुनिश्चित गर्नका लागि आवश्यक पर्ने सहयोग, समन्वय र सहजीकरणका लागि देहाय बमोजिमको समन्वय समितिको गठन हुनेछः-

(क) कार्यकारी निर्देशक, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान -संयोजक

(ख) तालिम हेर्ने शाखा प्रमुख, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य

(ग) उपसचिव वा प्रतिनिधि, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(घ) उपसचिव वा प्रतिनिधि, प्राविधिक तथा व्यावसायिक शिक्षा महाशाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(ङ) उपसचिव सरहको प्रतिनिधि, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् -सदस्य

(च) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घले तोकेको सीपमूलक तथा व्यावसायिक तालिम हेर्ने एक जना, -सदस्य

(छ) प्रतिनिधि, नेपाल घरेलु तथा साना उद्योग महासङ्घले तोकेको सीपमूलक तथा व्यावसायिक तालिम हेर्ने एक जना, -सदस्य

(ज) प्रतिनिधि, नेपाल उद्योग परिसङ्घले तोकेको सीपमूलक तथा व्यावसायिक तालिम हेर्ने एक जना, -सदस्य

(झ) निर्देशक, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान सदस्य-सचिव

(२) समन्वय समितिले बैठकमा आवश्यकता अनुसार विषय-विज्ञ, परामर्शदाता तथा रोजगारदातालाई आमन्त्रण गर्न सक्नेछ।

(३) समन्वय समितिले बैठकको कार्यविधि समिति आफैले निर्धारण गर्नेछ र प्रचलित नियमानुसारको बैठक भत्ता प्रतिष्ठानले उपलब्ध गराउनु पर्नेछ।

(४) समितिको सचिवालय राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैसेपाटी ललितपुरमा रहनेछ।

९. **समन्वय समितिको काम, कर्तव्य र अधिकार**: समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) तालिम सञ्चालनका लागि अन्तरसरकारी निकायहरू, उद्योग व्यवसायी तथा सङ्घ, महासङ्घसँग सहकार्य तथा समन्वय गरी सीपयुक्त जनशक्तिको उत्पादनमा सहयोग र प्रोत्साहन गर्ने।

(ख) तालिम सञ्चालन गर्न उद्योगका लागि आवश्यक प्रोत्साहन एवम् सुविधा उपलब्ध गराउन प्रतिष्ठानलाई आवश्यकता अनुसार राय सुझाव साझेदारी सम्झौताको ढाँचा निर्माण समस्या समाधानका उपाय सहित सिफारिस गर्ने।

(ग) दफा ४ को उपदफा (२) बमोजिम गठित उपसमितिले सिफारिस गरे बमोजिमको पाठ्यक्रम बमोजिम सक्षमता र पदनाम प्रमाणीकरण तथा स्तरीकरण गर्ने र सोको कार्यान्वयनका लागि समन्वय गर्ने।

(घ) तालिमको क्षेत्र तथा पेशाको माग र आवश्यकता अनुसार थपघट गर्न समितिमा सिफारिस गर्ने।

(ङ) तालिमको आवश्यकता तथा प्रभावकारिता सम्बन्धी अध्ययन वा अनुसन्धान गरी प्रतिष्ठानमा पेश गर्ने।

(च) तालिम सञ्चालन तथा कार्यान्वयन गर्न र विवरण संकलन गर्नको लागि आवश्यक पर्ने ढाँचा तथा सूचकहरुको निर्धारण गर्ने।

(छ) तालिम सञ्चालन तथा कार्यान्वयनमा आइपरेका समस्याको समाधान, प्रतिष्ठान र रोजगारदाताबीचको विवाद समाधान र गुनासो सुनुवाई सम्बन्धी कार्य प्रचलित कानून बमोजिम गर्ने।

## परिच्छेद- ५
## प्रतिष्ठान तथा रोजगारदाताको जिम्मेवारी

१०. **प्रतिष्ठानको जिम्मेवारी**: यस कार्यविधिमा अन्यत्र लेखिएका जिम्मेवारीका अतिरिक्त तालिम सञ्चालन तथा कार्यान्वयन गर्ने सम्बन्धमा प्रतिष्ठानको देहाय बमोजिम जिम्मेवारी हुनेछः-

(क) तालिम सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) तालिमका लागि रोजगारदातासँग करार गर्ने,

(ग) निजी क्षेत्रसँगको साझेदारी विकास तथा सहजीकरण गर्ने,

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

(घ) तालिमको अनुगमन तथा मूल्याङ्कनको लागि ढाँचाको विकास गरी अनुगमन गर्ने,

(ङ) तालिमको लागत अनुमान तयार गर्ने,

(च) प्रशिक्षार्थीलाई तालिम सम्पन्न गरेको प्रमाण-पत्र प्रदान गर्ने,

(छ) तालिमको सञ्चालन, विस्तार तथा स्तरोन्नतिका लागि समन्वय समितिलाई सिफारिस गर्ने,

(ज) तालिम सञ्चालन तथा कार्यान्वयनमा आइपरेका समस्याको समाधान, रोजगारदाता, प्रशिक्षक र प्रशिक्षार्थीबीचको विवाद समाधान र गुनासो सुनुवाईको कार्य गर्ने, र

(झ) यो कार्यविधि र तालिम सञ्चालन तथा कार्यान्वयन सम्बन्धी प्रतिवेदन लगायतको विषयमा रोजगारदातालाई अभिमूखीकरण प्रदान गर्ने।

११. <u>रोजगारदाताको जिम्मेवारी</u>: यस कार्यविधिमा अन्यत्र उल्लिखित जिम्मेवारीका अतरिक्त रोजगारदाताको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) तालिमको सञ्चालन र कार्यान्वयन गर्ने र दफा ६ बमोजिमको न्यूनतम रोजगारी सुनिश्चित गर्ने,

(ख) तालिममा सहभागिताको लागि विज्ञापन गरी प्रशिक्षार्थी छनौट गर्ने,

(ग) यस कार्यविधि बमोजिम प्रशिक्षक वा तालिम प्रदायक संस्थाको आवश्यक व्यवस्था गर्ने,

(घ) तालिम सञ्चालनको लागि पाठ्यक्रममा उल्लेख भए अनुसार वा आवश्यकताको आधारमा उपयुक्त पूर्वाधार सुनिश्चित गर्ने,

(ङ) व्यवस्थित, अनुशासित तथा गुणस्तरीयता कायम गरी तालिम सञ्चालन गर्ने,

(च) प्रशिक्षार्थीलाई उपलब्ध गराउनु पर्ने सम्झौता अनुरूपको सुविधा उपलब्ध गराउने,

(छ) प्रशिक्षार्थीले तालिम सम्पन्न गरे पछि प्रशिक्षार्थीलाई तालिमको प्रमाण-पत्र र सम्झौतामा उल्लेख भए बमोजिमको न्यूनतम रोजगारी पूरा गरे पछि अनुभव-पत्र प्रदान गर्ने,

(ज) कार्यस्थलमा व्यवसायजन्य सुरक्षा सम्बन्धी व्यवस्थाको उचित प्रबन्ध गर्ने, र

(झ) यो कार्यविधि अनुरूप अनुगमन कार्यमा सघाउने र नियमित प्रतिवेदन पेश गर्ने।

१२. <u>रोजगारदाताहरूको प्रतिनिधित्व गर्ने सङ्घ, संस्था वा महासङ्घ</u>: यस कार्यविधिमा अन्यत्र उल्लिखित जिम्मेवारीका अतिरिक्त रोजगारदाताहरूको प्रतिनिधित्व गर्ने सङ्घ, महासङ्घको जिम्मेवारी तथा दायित्व देहाय बमोजिम हुनेछः-

(क) तालिम सञ्चालनका लागि इच्छुक रोजगारदाताहरूको आवेदन सङ्कलन गर्ने,

(ख) तालिम कार्यान्वयनमा सहजीकरण गर्ने,

(ग) तालिमको अनुगमन तथा मूल्याङ्कनमा सहजीकरण गर्ने,

(घ) तालिमको समिक्षा तथा प्रतिवेदनमा सहजीकरण गर्ने,

(ङ) रोजगारीको अवसर सिर्जनाको लागि प्रोत्साहन तालिम आवश्यकताको मागलाई प्रतिष्ठान समक्ष सिफारिस गर्ने।

परिच्छेद-६

## तालिम सञ्चालन तथा कार्यान्वयन सम्बन्धी व्यवस्था

१३. **तालिमको सञ्चालन**: (१) प्रतिष्ठानबाट छनौट भई तालिम सञ्चालन गर्न स्वीकृत भएका रोजगारदाताबाट तालिम सञ्चालन हुनेछ।

(२) उपदफा (१) बमोजिमको तालिमको सञ्चालन तथा कार्यान्वयन प्रतिष्ठान र रोजगारदाताबीच भएको सम्झौता बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको सम्झौतामा उल्लिखित क्षेत्र, पेशा, प्रशिक्षार्थी र प्रशिक्षकको संख्या र पाठ्यक्रमको आधारमा आफ्नै कार्यस्थलमा गर्नुपर्नेछ।

(४) प्रतिष्ठानले तालिम कार्यक्रम अनुसूची-१ बमोजिमका क्षेत्र तथा पेशामा सञ्चालन गर्नेछ।

(५) प्रतिष्ठान र रोजगारदाताबीच लागत साझेदारीमा सम्झौता बमोजिमका तालिम कार्यक्रम कार्यान्वयन गर्न रोजगारदाताहरुले अन्य तेस्रो पक्षले गर्ने गरी उपकरार सम्झौता (सब-कन्ट्र्याक्ट) गर्न पाउने छैन।

१४. **रोजगारदाताको योग्यता**: देहाय बमोजिमको शर्तहरू पूरा गर्ने रोजगारदाता यस कार्यविधि बमोजिम तालिम प्रदान गर्न योग्य हुनेछः-

(क) प्रचलित कानून बमोजिम दर्ता भएको,
(ख) कम्तीमा पाँच जनालाई सम्बन्धित सीप वा पेशामा रोजगारी दिइरहेको,
(ग) कम्तीमा विगत दुई वर्षदेखि सञ्चालनमा रहेको,
(घ) मूल्य अभिवृद्धि कर (भ्याट) वा स्थायी लेखा नम्बर (प्यान)मा दर्ता भएको,
(ङ) पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाण-पत्र,
(च) दफा ४ बमोजिम स्वीकृत पाठ्यक्रम तथा दफा ५ बमोजिम रोजगारदाताले छनौट गरेको तालिमको विधि अनुसारको पूर्वाधार उपलब्ध भएको।

१५. **तालिम सञ्चालनका लागि रोजगारदाता छनौट प्रक्रिया**: (१) प्रतिष्ठानले दफा १४ बमोजिमका शर्तहरू उल्लेख गरी राष्ट्रिय दैनिक पत्रिकामा पन्ध्र दिनको अवधि दिई सूचना प्रकाशन गरी तालिम सञ्चालन गर्ने प्रयोजनको लागि सूचीकरण हुन चाहने रोजगारदाताबाट आवेदन माग गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनाको अवधिभित्र आवेदन दिने रोजगारदातालाई प्रतिष्ठानले सूचीकृत गर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचीकृत भएका रोजगारदातासँग प्रतिष्ठानले तालिम सञ्चालनको लागि प्रस्तावको छनौट प्रचलित सार्वजनिक खरिद कानून बमोजिमको निश्चित बजेट छनौट विधिबाट गरिनेछ।

(४) उपदफा (३) बमोजिमको प्रस्तावको प्राविधिक योग्यताका आधार प्रतिष्ठानले निर्धारण गर्नेछ।

(५) प्रतिष्ठानले रोजगारदाताले पेश गरेको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्ने क्रममा स्थलगत अवलोकन गरी मूल्याङ्कन गर्न सक्नेछ।

(६) एउटा क्षेत्रको लागि एकभन्दा बढी रोजगारदाता योग्य भएमा, प्रस्तावित प्रशिक्षार्थी सङ्ख्या र रोजगारदाताको क्षमताको आधारमा प्रशिक्षार्थी संख्या तोकी प्रतिष्ठानले रोजगारदाताको अन्तिम छनौट गर्नेछ।

(७) छनौट भएका रोजगारदातासँग प्रतिष्ठानको स्वीकृत वार्षिक बजेट र लक्ष्यअनुसार तालिम सञ्चालन गर्न अनुसूची- २ बमोजिमको द्विपक्षीय सम्झौता गरिनेछ।

१६. **तालिमको लागतः** (१) यस कार्यविधि बमोजिम प्रदान गर्ने तालिमको लागत अनुमान कार्यकारी निर्देशकले स्वीकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम लागत अनुमान तयार गर्दा स्वीकृत वा सिफारिस भएको पाठ्यक्रम, तालिमको अवधि, रोजगारदाता छनौट, विज्ञापन तथा प्रचार प्रसार, प्रशिक्षार्थी छनौट, प्रशिक्षक तथा प्रशिक्षार्थीको पारिश्रमिक, प्रशिक्षक र प्रशिक्षार्थीको अनुपात, अभिमुखीकरण कार्यक्रम, सामाजिक सुरक्षा कोषमा योगदान, व्यवस्थापन खर्च, विज्ञ तथा परामर्शदाता खरिद, समन्वय समितिको खर्च, प्रशिक्षक र प्रशिक्षार्थीको अन्य सुविधा र बीमा तथा अनुगमन र मूल्याङ्कन कार्यलाई आदिलाई आधार मानी गरिनेछ।

(३) उपदफा (२) बमोजिम लागत अनुमान तयार गर्दा प्रतिष्ठानले रोजगारदाताको समन्वयमा गर्नेछ।

१७. **प्रशिक्षार्थी छनौटको प्राथमिकताः** यस कार्यविधि बमोजिम सञ्चालन हुने तालिममा देहायका प्राथमिकताका आधार पुगेका व्यक्ति सहभागी हुन पाउनेछः-

(क) विपन्न बेरोजगार,

(ख) वैदेशिक रोजगारीबाट फर्किएका तथा रोजगारी गुमाएका नेपाली नागरिक, र

(ग) स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमा दर्ता भएका व्यक्ति।

१८. **प्रशिक्षार्थीको छनौटः** (१) प्रतिष्ठानले सम्झौतामा उल्लेख गरे अनुसारको विषय र संख्यामा तालिम सञ्चालन गर्न प्रशिक्षार्थी छनौट गर्ने जिम्मेवारी रोजगारदाताको हुनेछ।

(२) दफा १५ बमोजिम रोजगारदाता छनौट भइसकेपछि प्रतिष्ठानसँग द्विपक्षीय सम्झौता भएको सात दिनभित्र रोजगारदाताले कम्तिमा पन्ध्र दिनको म्याद दिई आवेदनका लागि देहाय बमोजिमका विवरण खुलाई सार्वजनिक सूचना प्रकाशन गरी प्रतिष्ठानलाई जानकारी दिनु पर्नेछ।

(३) प्रतिष्ठानले उपदफा (२) बमोजिमको सूचना सम्बन्धित स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र र सरोकारवाला निकायका वेबसाइटहरूमा प्रकाशित गर्न प्रेषित गर्नेछ।

(४) उपदफा (२) बमोजिम सूचना प्रकाशित गर्दा देहाय बमोजिमका विवरण खुलाउनुपर्नेछः-

(क) तालिमको विषय,
(ख) रोजगारदाताको नाम र तालिम हुने स्थानको विवरण,
(ग) तालिमको अवधि र रोजगारी सुनिश्चितताको अवधि,
(घ) आवश्यक प्रशिक्षार्थीको सङ्ख्या र न्यूनतम योग्यता,
(ङ) रोजगार सेवा केन्द्रमा वेरोजगार सूचीमा सूचीकृत भएको व्यक्ति,
(च) आवेदनको समयमा पेश गर्नुपर्ने कागजातहरू,
(छ) विद्युतीय वा भौतिक माध्यम आवेदन पेश गर्न सकिने,
(ज) प्रशिक्षार्थीहरूले प्राप्त गर्ने न्यूनतम पारिश्रमिक तथा पालना गर्नुपर्ने शर्तहरू।

(५) उपदफा (२) बमोजिम सूचना प्रकाशित भएपछि उपदफा (४) बमोजिमका विवरणका आधारमा योग्य आवेदकले सम्बन्धित रोजगारदाता समक्ष रोजगारदाताले तोकेको ढाँचामा आवश्यक कागजात सहित आवेदन दिनुपर्नेछ।

(६) रोजगारदाताले दफा १७ बमोजिमका प्राथमिकता र उपदफा (४) बमोजिमको विवरणका आधारमा प्रतिष्ठानले तोकेको प्रतिनिधिको रोहवरमा छनौट भएका प्रशिक्षार्थीको सूची तयार गरी प्रतिष्ठानमा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ।

(७) प्रतिष्ठानले उपदफा (६) बमोजिम पेश भएका प्रशिक्षार्थीको सूची प्रकाशन गर्नेछ।

(८) उपदफा (७) बमोजिमका सूचीमा प्रकाशित प्रशिक्षार्थीलाई प्रतिष्ठानले रोजगारदातासँगको समन्वयमा निर्धारण गरेको मापदण्ड बमोजिम सूचना बमोजिमको तालिम प्रदान गर्न छनौट गर्नेछ।

(९) उपदफा (८) बमोजिम प्रशिक्षार्थीको नामावली स्वीकृति भएपछि रोजगारदाताले छनौट भएका प्रशिक्षार्थीको नाम, ठेगाना, नागरिकता नम्बर र तीन पुस्ते समेत खुलाई सूची प्रकाशन गर्नुपर्नेछ र त्यस्तो सूची प्रकाशन गर्दा बैकल्पिक उम्मेद्वारको समेत सूची प्रकाशन गर्नु पर्नेछ।

(१०) रोजगारदाताले छनौट भएका प्रशिक्षार्थीहरूलाई सात दिनभित्र कार्यस्थलमा उपस्थित हुन सूचना दिनुपर्नेछ। यस्तो सूचना छनौट भएका प्रशिक्षार्थीहरूलाई उनीहरूको मोबाइल वा विद्युतीय (इलेक्ट्रोनिक) माध्यमबाट पनि पठाउन सकिनेछ।

(११) छनौट गरिएका प्रशिक्षार्थीहरूले तोकिएको मितिभित्र तोकिएको कार्यस्थलमा आधारित तालिममा सहभागी हुनुपर्नेछ र छनौट गरिएका प्रशिक्षार्थीहरू तोकिएको समयभित्र सहभागी हुन नआएमा वैकल्पिक सूचीमा रहेका प्रशिक्षार्थीहरूलाई तालिममा सहभागी गराईनेछ।

(१२) यस दफा बमोजिम प्रशिक्षार्थीलाई छनौट गरी तालिम प्रारम्भ गरेको जानकारी रोजगारदाताले प्रतिष्ठानमा पेश गर्नुपर्नेछ।

१९. **<u>प्रशिक्षकको छनौटः</u>** (१) तालिम सञ्चालन गर्न रोजगारदाताले छनौट भएका प्रशिक्षार्थीका लागि आवश्यक पर्ने प्रशिक्षक छनौट गरी तालिम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रोजगारदाताले प्रशिक्षक छनौट गर्दा सोही रोजगारदातासँग उपलब्ध प्रशिक्षक वा तालिम प्राप्त कर्मचारीलाई प्रशिक्षण कार्यमा खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्रशिक्षक उपलब्ध हुन नसकेमा रोजगारदाताले नेपाल सरकारको मान्यताप्राप्त तालिम प्रदान गर्ने निकाय वा प्रतिष्ठानको रोस्टरमा रहेको प्रशिक्षक वा सम्बन्धित विषयमा तालिम लिएको व्यक्तिलाई प्रशिक्षकको रूपमा नियुक्ति गर्न सक्नेछ।

(४) रोजगारदाताबाट नियुक्ति हुने प्रशिक्षकका लागि तोकिएको पाठ्यक्रमका विषयवस्तु पूरा गर्न सक्ने गरी कम्तीमा दुई-दिने अभिमुखीकरणको व्यवस्था प्रतिष्ठानले गर्नुपर्नेछ र सो कार्यमा आवश्यक परेमा रोजगारदातासँग सहयोग लिन सक्नेछ।

(५) यस दफा बमोजिम छनौट भएको प्रशिक्षकलाई रोजगारदाताले तालिमको प्रशिक्षणको जिम्मेवारीमा खटाउनु पर्नेछ र त्यस्तो खटाउनु पर्ने प्रशिक्षकको विवरण प्रतिष्ठानमा पठाउनु पर्नेछ।

२०. **सम्झौता गर्नुपर्नेः** (१) यस कार्यविधि बमोजिम प्रशिक्षार्थीको छनौट गरिसकेपछि सम्बन्धित रोजगारदाता र प्रशिक्षार्थीका बीचमा अनुसूची- ३ बमोजिमको सम्झौता गर्नुपर्नेछ र उक्त सम्झौताको पालना गर्नु दुवै पक्षको कर्तव्य हुनेछ।

(२) प्रतिष्ठानले खटाएको प्रतिनिधि वा कर्मचारीले सम्झौता पालना भए नभएको अनुगमन गर्नेछ।

(३) तालिम पूरा भएपछि रोजगारदाताले न्यूनतम रोजगारीको सुनिश्चितता गरे बमोजिम रोजगारी दिन नसकेमा प्रशिक्षार्थीका लागि प्रतिष्ठानले गरेको खर्च सम्बन्धित रोजगारदाताबाट व्याजसहित असुल उपर गरिनेछ र प्रतिष्ठानबाट सञ्चालन गरिने तालिमका लागि त्यस्तो रोजगारदातालाई अयोग्य मानिनेछ।

(४) तालिम लिइसकेका प्रशिक्षार्थीले गर्नुपर्ने न्यूनतम रोजगारीको अवधिभर काम पुरा नगरेमा निजलाई तालिम प्रमाणपत्र प्रदान गर्न र प्रतिवद्धता अनुरूप समयमा काम नगरेमा कार्यस्थलमा काम गरेको अनुभवको पत्र प्रदान गर्न प्रतिष्ठान र रोजगारदाता बाध्य हुने छैन।

२१. **भुक्तानी सम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानले तालिम कार्यक्रम सञ्चालन भए पछि रोजगारदाताको सिफारिसमा तालिम प्रशिक्षार्थीहरूको न्यूनतम पारिश्रमिक रकम र सामाजिक सुरक्षा कोषमा योगदान गर्ने रकम र प्रशिक्षकको पारिश्रमिक बापतको रकम सम्बन्धित प्रशिक्षार्थी र प्रशिक्षकको बैङ्क खातामा मासिक रूपमा पठाउनेछ।

(२) उपदफा (१) बमोजिम प्रशिक्षार्थी र प्रशिक्षकलाई सम्झौता बमोजिम उपलब्ध गराउनुपर्ने न्यूनतम पारिश्रमिक र प्रशिक्षकको पारिश्रमिक रकम प्रत्येक महिना समाप्त भएको सात दिनभित्र सम्बन्धित प्रशिक्षार्थी र प्रशिक्षकको बैंक खातामा प्रतिष्ठानले भुक्तानी गर्नेछ। यस कार्यमा रोजगारदाताले बैंक खाता उपलब्ध गराउने तथा हाजिरी रेकर्ड प्रमाणित गरी पठाउने लगायतको सहयोग गर्नुपर्नेछ।

(३) प्रशिक्षक र प्रशिक्षार्थीलाई प्रतिष्ठानबाट प्रदान गरिने पारिश्रमिक भुक्तानी सम्झौताको आधारमा हुनेछ।

(४) लागत साझेदारी अन्तर्गत प्रशिक्षार्थीलाई रोजगारीको सुनिश्चितता गरेको अवधिभरको प्रशिक्षार्थीको न्यूनतम पारिश्रमिक रकम तथा सामाजिक सुरक्षा कोषमा योगदान गर्ने रकम समेत रोजगारदाताले प्रशिक्षार्थी श्रमीकको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ । यस कार्यविधि बमोजिमको सम्झौता अन्तर्गत कार्यरत प्रशिक्षार्थी श्रमीकलाई रोजगारदाताले अन्य कामदारलाई सामूहिक रुपमा उपलब्ध गराएको अन्य सुविधाहरु समेत अन्य श्रमीक सरह उपलब्ध गराउनु पर्नेछ। रोजगारदाताको तर्फबाट गरिएको साझेदारी अन्तर्गतका खर्चको अभिलेख राख्ने जिम्मेवारी सम्बन्धित रोजगारदाताको हुनेछ।

(५) रोजगारदाताले प्रशिक्षार्थी श्रमीकलाई नेपाल सरकारको प्रचलित कानूनबमोजिम तोकिएको न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा योगदान भुक्तानी गर्नेछ। रोजगारदाताले प्रशिक्षार्थी श्रमीकलाई यस अतिरिक्त थप सुविधा दिन चाहेमा त्यस्तो सुविधा दिन सक्नेछ। रोजगारदाताले प्रशिक्षार्थी श्रमीकलाई रोजगारीको सुनिश्चितता प्रदान गरेको समय पछि आवश्यक परेमा रोजगारीमा निरन्तर राख्न सक्नेछ।

२२. **सीप परिक्षण र प्रमाणीकरणः** (१) प्रतिष्ठानले रोजगारदाताबाट प्राप्त अनुगमन प्रतिवेदनको समीक्षा गरेपछि प्रतिष्ठान र रोजगारदाताले तालिम सफलतापूर्वक सम्पन्न गरेका प्रशिक्षार्थीहरूलाई संयुक्त रूपमा प्रमाणपत्र जारी गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्रको ढाँचा अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम प्रमाणपत्र प्राप्त प्रशिक्षार्थीको सीप परीक्षण गरी स्तर निर्धारण र प्रमाणीकरण प्रतिष्ठान वा प्रचलित कानूनमा तोकिएको निकायले गर्न सक्नेछ।

## परिच्छेद-७
## अनुगमन तथा मूल्याङ्कन

२३. **तालिमको अनुगमनः** (१) प्रतिष्ठानले आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिमको अनुगमन गर्नेछ।

(२) प्रतिष्ठानले तालिमको अनुगमनका लागि अनुगमन ढाँचा विकास गर्नेछ।

(३) प्रतिष्ठानले अनुगमनका सूचकहरू निर्धारण गर्नेछ त्यस्तो सूचकका आधारमा प्रतिष्ठान वा अन्तर्गतका केन्द्रको कर्मचारी वा श्रम तथा रोजगार कार्यालय वा स्थानीय तहमा कार्यरत रोजगार सेवा केन्द्रका कर्मचारीलाई अनुगमनकर्ताको जिम्मेवारी तोकी तालिमको प्रभावकारी अनुगमनको व्यवस्था मिलाउनेछ।

(४) उपदफा (१) बमोजिम अनुगमन गरे नगरेको समन्वय समितिले निरीक्षण गरी तालिमलाई प्रभावकारी र परिणाममुखी बनाउन निर्देशन दिन सक्नेछ।

(५) अनुगमनकर्ताले प्रतिष्ठान समक्ष लिखित पृष्ठपोषणसहित अनुसूची- ५ बमोजिम प्रतिवेदन पेश गर्नुपर्नेछ।

(६) अनुगमनको क्रममा अनुगमनकर्ताले सुधार गर्नुपर्ने विषय पहिचान गरेमा वा सम्झौता बमोजिमका कार्य भएको नपाइएमा रोजगारदातालाई आवश्यक सुझाव दिन सक्नेछ।

(७) अनुगमनकर्ताले पेश गरेको प्रतिवेदनका आधारमा प्रतिष्ठानले रोजगारदातालाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु गराउनु सम्बन्धित रोजगारदाताको दायित्व हुनेछ।

(८) उपदफा (३) बमोजिम खटाइएको अनुगमनकर्ताको कामहरू देहाय बमोजिम हुनेछः-

(क) सम्झौतामा उल्लेख भएका शर्तहरू पालना भए नभएको अनुगमन गर्ने,

(ख) स्थलगत अनुगमन गरी समस्याहरू पहिचान गर्ने र समाधानको लागि पहल गर्ने,

(ग) कार्यक्षेत्रमा देखिएका र अनुभव गरिएका राम्रा अभ्यास र सुधार गर्नुपर्ने पक्षबारे प्रतिष्ठानलाई जानकारी गराउने,

(घ) तालिमको सम्बन्धमा भइरहेका कार्यको उपलब्धि र प्रगतिको समीक्षा गरी प्रतिष्ठानमा पेश गर्ने,

(ङ) अनुगमनका क्रममा कार्यसम्पादन सन्तोषजनक भए नभएको जानकारी प्रतिष्ठानलाई तुरुन्त गराउने,

(च) आवश्यकता अनुसार अनुगमन गर्न तोकिएका निकायसँग तथा रोजगारदातासँग समन्वय गर्ने।

२४. **मूल्याङ्कन विधिः** (१) प्रतिष्ठानले तालिमको मूल्याङ्कन आन्तरिक वा बाह्य विज्ञहरूमार्फत गराउन सक्नेछ।

(२) प्रतिष्ठानले प्रशिक्षार्थीको सक्षमता मापन सैद्धान्तिक र प्रयोगात्मक विषयको पाठ्यक्रममा उल्लेखित मूल्याङ्कन विधिबाट गर्न सक्नेछ र सो कार्यका लागि सम्बन्धित रोजगारदाताले एक जना सुपरीवेक्षक तोक्न सक्नेछ।

(३) रोजगारदाताले प्रशिक्षार्थीहरूको मूल्याङ्कन गरी अन्तिम मूल्याङ्कन प्रतिवेदन प्रतिष्ठानमा पेश गर्नुपर्नेछ।

(४) प्रतिष्ठानले कार्यक्रमको आवधिक र वार्षिक मूल्याङ्कन गर्न गराउन सक्नेछ र यसरी गरिएको मूल्याङ्कनको प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ।

२५. **प्रगति प्रतिवेदन पेश गर्नुपर्ने:** (१) रोजगारदाताहरूले तोकिएको तालिम अवधिभर प्रत्येक महिना प्रशिक्षक र प्रशिक्षार्थीको दैनिक हाजिरी प्रमाणित गरी प्रतिष्ठानमा पेश गर्नुपर्नेछ।

(२) तालिम सम्पन्न भएपछि अनुसूची- ६ बमोजिमका सम्पूर्ण विवरणहरू खुलाई तालिम प्रतिवेदन प्रतिष्ठानमा पेश गर्नुपर्नेछ।

(३) सुनिश्चितता गरिएको रोजगारीको अवधि सम्पन्न भएपश्चात् अनुसूची- ७ बमोजिमका सम्पूर्ण विवरणहरू खुलाई अन्तिम प्रतिवेदन प्रतिष्ठानमा पेश गर्नुपर्नेछ।

(४) प्रतिष्ठानले कार्यस्थलमा आधारित तालिम कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन तयार गरी समन्वय समिति समक्ष पेश गर्नुपर्नेछ र प्रतिष्ठानले सरोकारवाला सहित कार्यक्रमको समीक्षा गर्न सक्नेछ।

## परिच्छेद- ८
## विविध

२६. **प्रशिक्षार्थीले पालना गर्नुपर्ने आचारसंहिता:** तालिममा सहभागी प्रशिक्षार्थीले देहाय बमोजिमका आचारसंहिता र जिम्मेवारीहरू पालना गर्नुपर्नेछ:-

(क) कार्यस्थलमा आधारित तालिमका लागि तोकिएको समयको पालना गर्ने,
(ख) प्रशिक्षक वा सुपरिवेक्षकले दिएका निर्देशनको पालना गर्ने,
(ग) कार्यस्थलमा आधारित तालिमको समयमा नियमित उपस्थिति हुने,
(घ) सुपरिवेक्षक, प्रशिक्षक, कर्मचारी एवम् सहकर्मी प्रति आदरपूर्वक व्यवहार गर्ने,
(ङ) समूहगत भावना र सामूहिक प्रयासका साथ प्रशिक्षणमा सहभागी हुने,
(च) मानवीय मूल्य र मर्यादाप्रति संवेदनशील रही सोको पालना गर्ने,
(छ) रोजगारदाताको आन्तरिक आचार संहिताको पालना गर्ने,
(ज) कार्यस्थलमा भएका यन्त्र तथा उपकरणहरूको सुरक्षित तरिकाले प्रयोग गर्ने,
(झ) कार्यस्थलमा कार्य गर्दा व्यवसायजन्य सुरक्षाको मापदण्ड अपनाउने,
(ञ) तालिम सकिए पछि न्यूनतम रोजगारी पूरा गर्ने।

२७. **व्यवसायजन्य सुरक्षा र स्वास्थ्यसम्बन्धी व्यवस्था:** (१) रोजगारदाताले तालिम सञ्चालन गर्दा व्यवसायजन्य सुरक्षा र स्वास्थ्यका सन्दर्भमा देहायका व्यवस्थाहरू गर्नुपर्नेछ:-

(क) कार्यस्थलमा आधारित तालिम अवधिभर सुरक्षा, निगरानी र सुरक्षा उपकरणहरू उपलब्ध गराउने र प्रयोग गर्ने,
(ख) प्राथमिक उपचार प्रदान गर्ने, स्वास्थ्य परीक्षण गराउने, आकस्मिक सेवाहरू उपलब्ध गराउने र गुनासो समाधान संयन्त्रलाई सहजीकरण गर्ने व्यवस्था गर्ने मिलाउने,

(२) व्यवसायजन्य सुरक्षा र स्वास्थ्यसम्बन्धी अन्य व्यवस्थाहरू प्रचलित कानूनमा तोके बमोजिम हुनेछ।

२८. **लैङ्गिक समावेशिता सुनिश्चित गर्ने सम्बन्धी व्यवस्था:** तालिमको तर्जुमा र कार्यान्वयनका हरेक पक्षमा लैङ्गिक समावेशीतालाई सुनिश्चत गर्नको लागि प्रोत्साहन गरिनेछ र लैङ्गिक समावेशीताको सम्बन्धमा तालिम सञ्चालन र कार्यान्वयनको अवधिमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

२९. **स्रोत सामग्रीको व्यवस्था र सूचना प्रविधिको प्रयोग:** (१) तालिमको विकास, सञ्चालन र अनुगमनका लागि आवश्यक हुने जनशक्ति र स्रोतसामग्रीको व्यवस्थापन गर्नु प्रतिष्ठानको जिम्मेवारी हुनेछ।

(२) प्रतिष्ठानले तालिकाबद्ध विवरणहरू छिटो प्राप्ति, भण्डारण र व्यवस्थापनलाई प्रभावकारी रूपमा पूरा गर्न वा निरीक्षण गर्न सूचना प्रविधियुक्त विधिहरू प्रयोग गर्न सक्नेछ।

(३) प्रतिष्ठानले सूचना प्रविधिमा आधारित तालिम व्यवस्थापन सूचना प्रणाली मार्फत यो कार्यक्रमको व्यवस्थापन, संचालन, अभिलेख व्यवस्थापन, तथ्याङ्क प्रतिवेदन तथा अनुगमन गर्न सक्नेछ।

३०. **प्रदेश सरकार, स्थानीय तह र रोजगारदातासँग साझेदारी गर्ने:** तालिम सञ्चालनका लागि प्रतिष्ठानले प्रदेश सरकार, स्थानीय तह र रोजगारदातासँग साझेदारी र सहकार्य गर्न सक्नेछ र त्यस्तो साझेदारी र सहकार्यको ढाँचा निर्धारण र तालिम सञ्चालनको खाका र भूमिका तथा दायित्व समन्वय समितिको सिफारिसमा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

३१. **अनुसूचीहरू परिमार्जन गर्ने:** अनुसूचीलाई आवश्यकता अनुसार थपघट वा परिमार्जन गर्नु परेमा समितिले थपघट वा परिमार्जन गर्न सक्नेछ।

३२. **बाधा अड्काउ फुकाउने अधिकार:** कार्यविधि कार्यान्वयनको क्रममा यसमा उल्लिखित कुनै विषयका सम्बन्धमा कुनै अनिश्चितता वा बाधा अड्काउ उत्पन्न भएमा सो समस्या समाधान गर्ने र आवश्यक व्याख्या प्रदान गर्ने अधिकार मन्त्रालयलाई हुनेछ।

३३. **खारेजी:** कार्यस्थलमा आधारित (एप्रेन्टिसिप) तालिम कार्यविधि, २०७६ लाई खारेज गरिएको छ।

# अनुसूची- १

(दफा ४ को उपदफा (१) र दफा १३ को उपदफा (४) सँग सम्बन्धित कार्यस्थलमा)

## आधारित तालिम सञ्चालन गरिने क्षेत्र तथा पेशाहरू

(क) क्षेत्रहरू:

१. उत्पादनमूलक क्षेत्र
२. सेवामूलक क्षेत्र
३. आतिथ्यता क्षेत्र
४. निर्माण क्षेत्र
५. उर्जा क्षेत्र
६. कृषि तथा पशुपालन क्षेत्र
७. सूचना प्रविधि क्षेत्र
८. अन्य क्षेत्र

(ख) पेशाहरू

१. सवारी साधन मर्मत
२. विद्युतीय सवारी साधन मर्मत
३. फर्निचर
४. डकर्मी
५. सिकर्मी
६. प्लम्बिङ्ग
७. वेल्डिङ्ग
८. इलेक्ट्रीसियन
९. जुत्ता-चप्पल उत्पादन
१०. जुट मिल
११. खाद्य तथा पेय पदार्थ
१२. चिया, कफी खेती
१३. छालाजन्य वा कपडाको उत्पादन (जुत्ता वा व्याग लगायत)
१४. रेसाजन्य उत्पादन (जस्तै अल्लो, हेम्पले बनेका सामग्री)
१५. ढाकाले बनेका सामग्रीहरू
१६. गार्मेन्ट
१७. ईन्डष्ट्रियल गार्मेन्ट
१८. होजियारी
१९. होटेल व्यवस्थापन सम्बन्धी
२०. कुक

२१. बारिष्ता
२२. होटल टेक्निशियन
२३. सुनचाँदी कालिगढ,
२४. गरगहना सम्बन्धी तालिम
२५. इँटाभट्टा
२६. वेल्डिङ
२७. दुग्धजन्य उत्पादन (डेरी प्रोडक्ट)
२८. सरसफाइकर्मी
२९. हस्तकला तथा घरेलु उद्योगसम्बन्धी
३०. सूचना प्रविधि
३१. कृषि सम्बन्धी
३२. पशुपालन सम्बन्धी
३३. बायोग्यास तथा सोलार
३४. दफा ३ को उपदफा (३) बमोजिम समितिले निर्धारण गरेका अन्य क्षेत्र र पेशाहरु

## अनुसूची २

(दफा १५ को उपदफा (७) सँग सम्बन्धित)

### प्रशिक्षण प्रतिष्ठान र रोजगारदाताबीच हुने द्विपक्षीय सम्झौताको ढाँचा

कार्यस्थलमा आधारित तालिम कार्यक्रम सञ्चालन गर्ने र तालिमपछि रोजगारी अवसर विस्तार गरी मुलुकमा औधोगिक उत्पादन र उत्पादकत्व बढाउने उद्देश्यले ........ जनालाई रोजगारीमा संलग्न गराउन राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान (यसपछि "प्रथम पक्ष" भनिएको), र रोजगारदाता ....... ........ ........ ....... ....... ............... (यसपछि "दोश्रो पक्ष" भनिएको) बीच भएको द्विपक्षीय सम्झौता।

हामी प्रत्येकले तपसिलमा उल्लिखित व्यवस्था र शर्तप्रति आपसी सहमति जनाउँदै यस सम्झौतामा ......... ........... ..............(दिन/महिना/साल) मा हस्ताक्षर गरी एक-एक प्रति बुझिलिएका छौं।

१. रोजगारदाताको स्थानीय क्षेत्रमा हुने कार्यस्थलमा आधारित तालिमको अवधि, समय, समूह र सहभागीहरू विवरण

| क्र. स. | तालिम को क्षेत्र | प्रशिक्षार्थीले गर्नुपर्ने मुख्य कामहरु | संख्या | तालिम अवधि (महिनामा) र पाठ्यक्रम | सीप विकास तालिमको प्रकार (आधारभूत सीप विकास तथा सीप अभिवृद्धि, तथा अन्य) | प्रशिक्षक संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

२. तालिम सञ्चालन ढाँचा (कार्यस्थलमा आधारित, वा कार्यस्थल/कक्षाकोठामा आधारित)

क)                                        ख)

३. कार्यक्रम सञ्चालनका लागि पूर्वाधार

क)                                        ख)

४. पहिलो र दोश्रो पक्षले यस सम्झौता अवधिमा गर्नुपर्ने लागत सहभागिताको विवरण निम्नानुसार हुनेछः-

| क्र.सं. | पहिलो पक्षले व्यहोर्ने | दोश्रो पक्षले व्यहोर्ने |
|---|---|---|
| १ | | |
| २ | | |

५. कार्यस्थलमा आधारित तालिमको पाठ्यक्रम प्रतिष्ठानबाट स्वीकृत वा निर्धारण भएपछि र अन्य विषयमा कुनै द्विविधा भएमा दुवै पक्षको आपसी सहमतिमा निर्धारण र कार्यान्वयन गरिनेछ।

६. कार्यविधि तथा पाठ्यक्रममा तोकिएको योग्यताको आधारमा कार्यस्थलमा आधारित तालिमका लागि प्रशिक्षक व्यवस्था गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ। पहिलो पक्षले यस विषयमा आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ।

७. प्रशिक्षार्थी छनोट यसै कार्यविधि अनुसार गरिनेछ।

८. कार्यस्थलमा आधारित तालिम कार्यक्रम सम्पन्न भएपछि, कार्यविधि बमोजिम देहायका सर्त र अवधिमा रही रोजगारी सुनिश्चित गरिनेछ।

| क्र.स. | कार्यस्थलमा आधारित तालिमको अवधि | रोजगारी प्रत्याभूति गरिएको न्यूनतम अवधि | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

९. दोस्रो पक्षले सम्झौता अवधिमा यो सम्झौता बाहेक, यस कार्यविधिमा भएका व्यवस्थाहरूको पालना गर्नेछ।

१०. अनुगमनका लागि दोस्रो पक्षले अनुगमनकर्ता वा अनुगमन निकायलाई सहयोग गर्नुपर्नेछ।

११. काबु बाहिरको परिस्थिति आइपरेको भनी आधार र कारण सहित कुनै विषयमा रोजगारदाता र प्रशिक्षार्थी कामदारको निवेदन पेश गरेमा सो निवेदन उपर प्रतिष्ठानले निर्णय गरी दिएको निर्देशन अनुसार कार्य सम्पादन गर्नु पर्नेछ।

१२. यस सम्झौता पत्रमा उल्लेख गरिए बमोजिम दोश्रो पक्षले गर्नुपर्ने काममा कार्यहरूमा आवश्यकता अनुसार केही सामान्य विषयमा थपघट गर्नु परेमा पहिलो पक्षले पन्ध्र दिन अगावै सोको जानकारी गराउनु पर्नेछ।

१३. सम्झौता बमोजिम कार्य नभएको भनी अनुगमनकर्ताले प्रतिवेदन पेश गरेमा प्रतिष्ठानले सुधारका लागि सात दिनको समय दिनेछ। दिइएको समयमा पनि सुधार नगरेमा प्रथम पक्षले लिखित जानकारी गराई सम्झौता रद्द गर्नसक्ने छ।

१४. कार्यक्रम सञ्चालन गर्ने रोजगारदाताले पेश गर्नुपर्ने प्रगति प्रतिवेदन कार्यक्रम सम्पन्न भएको सात दिनभित्र पेश गर्नु पर्नेछ। प्रतिवेदन प्राप्ति र भुक्तानी सम्बन्धी व्यवस्था कार्यविधिले तोके बमोजिम हुनेछ।

१५. भुक्तानीका शर्त र तरिकाः प्रशिक्षण प्रतिष्ठान भुक्तानी लिनका लागि कागजात पेश गर्दा कार्य प्रगति, उपस्थिति प्रमाणीकरण, तलब भुक्तानी र सामाजिक सुरक्षा कोष योगदान, सम्पन्न विवरण तथा कार्यक्रमको विवरण सम्बन्धी प्रमाण कागजात बुझाउनुपर्नेछ। अनुगमनकर्ताले गरेको अनुगमन प्रतिवेदन र कार्यक्रमको

कार्यसम्पादन र परिणामका आधारमा हुने भुक्तानीमा प्रचलित कानूनले तोके बमोजिमको कर दोश्रो पक्षले बुझाएको निस्सा पेश गर्नुपर्नेछ।

१६. सम्झौताको अवधिः यो सम्झौता हस्ताक्षर भएको मिति ......... देखि ........ सम्म कायम रहनेछ ।

तर प्रचलित कानूनको अधीनमा रही दुवै पक्षको आपसी सहमतिमा आवश्यकता अनुसार सम्झौताको म्याद थप गर्न सकिनेछ। यसका लागि दोश्रो पक्षले कुनै कार्यसम्पादनका लागि म्याद थप गर्न औचित्यपूर्ण कारण सहित लिखित निवेदन दिएमा प्रचलित कानूनको अधीनमा रही एकपटकमा ..... दिनका दरले बढीमा ..... दिनसम्म म्याद थप गर्न सक्नेछ।

१७. उपर्युक्त शर्तहरूमा मञ्जुरी भई सम्झौतामा हस्ताक्षर गर्ने आधिकारिक प्रतिनिधिहरूः

दोश्रो पक्ष.. ... .. .. का तर्फबाट
हस्ताक्षर.........................
नाम :
पद :..................................
कार्यालयको छाप :

प्रथम पक्ष..... ....... का तर्फबाट
हस्ताक्षर .........................
नाम : .............................
पद :.............................
कार्यालयको छाप :

साक्षी
साक्षी

साक्षी
साक्षी

इति सम्बत् २०...... साल ....... महिना........ गते रोज....... शुभम ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची- ३
## (दफा २० को उपदफा (१) सँग सम्बन्धित)
## प्रशिक्षार्थी र रोजगारदाताबीचको सम्झौताको ढाँचा

.............................. रोजगारदाता (यसपछि "प्रथम पक्ष" भनिएको) र ........ ........................ प्रशिक्षार्थी (यसपछि "दोश्रो पक्ष" भनिएकोबीच ......... ........... .............. ....... रोजगारदातामा आर्थिक वर्ष ...........(दिन/महिना) देखि..........(दिन/महिना)सम्म सञ्चालन हुने कार्यस्थलमा आधारित रोजगारमूलक तालिम कार्यक्रममा दोस्रो पक्षलाई संलग्न गर्ने गराउने र त्यसपछि रोजगारी दिने लक्ष्य हासिल गर्न तपसिलमा उल्लेखित शर्तका अधीनमा रही प्रथम पक्षको कार्यालयमा यो द्विपक्षीय सम्झौता भएको हो।

(१) विवरण

| क्र.स. | प्रशिक्षार्थीको नाम | लैङ्गिक स्थिति | प्रशिक्षार्थीको ठेगाना र विवरण | तालिम विषय, अवधि (कार्यघण्टा तथा दिन) | तालिम/सीप विकासको प्रकार (आधारभूत सीप विकास/ सीप अभिवृद्धि वा अन्य) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(२) तालिम अवधिमा प्रतिष्ठानबाट प्रदान गरिने पारिश्रमिक तथा सुविधा

| क्र.स. | तालिमको अवधि | तालिम अवधिमा प्रशिक्षण प्रतिष्ठानबाट प्राप्त हुने पारिश्रमिक (ज्याला) तथा सुविधा | कैफियत |
|---|---|---|---|
| | | | |

(३) कार्यस्थलमा आधारित तालिम कार्यक्रम समापन भए पश्चात यस कार्यविधि बमोजिम सुनिश्चित हुने रोजगारीको शर्त तथा अवधि र रोजगारदाताबाट प्राप्त हुने पारिश्रमिक (ज्याला) तथा सुविधा

| क्र.स. | तालिमको अवधि | रोजगार सुनिश्चित गरिएको न्यूनतम अवधि | रोजगारदाताबाट प्राप्त हुने पारिश्रमिक (ज्याला) तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| | | | | |

(४) पहिलो पक्षले सम्झौता अवधिभर यस सम्झौताको अतिरिक्त यस कार्यविधिमा तोकिएका रोजगारदाताको योगदान, भूमिका, लागत साझेदारी अन्तर्गतका शर्त तथा सुनिश्चित गरिएको रोजगारी सम्बन्धी दायित्व पूरा गर्नेछ।

(५) प्रशिक्षार्थीले कार्यविधिमा उल्लेख भए अनुसारका आचारसंहिता पालना गर्नेछ।

(६) रोजगारदाताले प्रशिक्षार्थीलाई नेपाल सरकारको प्रचलित कानूनबमोजिम तोकिएको न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा योगदान वापतको रकम प्रशिक्षार्थीको बैंक खातामा सिधै भुक्तानी गर्नेछ। रोजगारदाताले प्रशिक्षार्थीलाई यस अतिरिक्त थप सुविधा दिन चाहेमा यस बुँदाले बाधा पुऱ्याएको मानिने छैन।

(७) यो सम्झौता हस्ताक्षार भएको मिति ......... देखि ........ सम्म कायम रहनेछ । तर प्रचलित कानूनको अधीनमा रही दुवै पक्षको आपसी सहमतिमा आवश्यकता अनुसार सम्झौताको म्याद थप गर्न सकिनेछ।

(८) काबु बाहिरको परिस्थितिमा बाहेक यस सम्झौतालाई दुवै पक्षले अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

उपर्युक्त शर्तहरूमा मञ्जुरी भई यस सम्झौतामा हस्ताक्षर गर्ने आधिकारिक प्रतिनिधिहरू

| प्रथम पक्षका तर्फबाट—— | दोस्रो पक्षका तर्फबाट—— |
| --- | --- |
| हस्ताक्षरः—————— | हस्ताक्षरः—————— |
| नामः———— | नामः—————— |
| पदः—————— | पदः—————— |
| सम्पर्क नम्बरः................. | सम्पर्क नम्बरः................. |
| कार्यालयको छापः | कार्यालयको छापः |

रोहबर :

प्रतिष्ठानको तर्फबाट प्रतिष्ठानले तोकेको प्रतनिधि एक जनाको नामथर, पद र दस्तखत

रोजगारदताको तर्फबाट एक जना व्यक्तिको नामथर, उमेर र स्थायी ठेगाना

प्रशिक्षार्थीको तर्फबाट एक जना नामथर, उमेर र स्थायी ठेगाना

अनुसूची-४

(दफा २२ को उपदफा (२) सँग सम्बन्धित)

<u>प्रमाणपत्रको ढाँचा</u>

प्रशिक्षार्थीको फोटो

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

ललितपुर, नेपाल

<u>प्रमाणपत्र</u>

प्रमाणपत्र नम्बरः

........................प्रदेश ........................................ जिल्ला.............. ............ गा.पा./न.पा. ............. वडा नं. ......... बस्ने श्री/श्रीमती/सुश्री .......... ................................................ ले मिति २० / / गते देखि २० / / सम्म ............. .............. (रोजगारदाताको नाम)...... ....... ....... .... (ठेगाना) मा सञ्चालित कार्यस्थलमा आधारित तालिम कार्यक्रममा ........... ............... ........ ..... .......... विषयको तालिममा सहभागी हुनु भई सफलतापूर्वक तालिम सम्पन्न गर्नु भएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ।

मितिः | रोजगारदाताका तर्फबाट नाम र हस्ताक्षर | प्रतिष्ठानका तर्फबाट नाम, पद र हस्ताक्षर

नोटः प्रतिष्ठानले तालिमका प्रकार र परिस्थिति अनुसार प्रमाणपत्रको ढाँचा आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गरी लागू गर्न सक्नेछ ।

Trainee's Photo

**Government of Nepal**

**Ministry of Labor, Employment, and Social Security**

**National Academy of Vocational Training Development Committee**

***National Academy of Vocational Training***

**Lalitpur, Nepal**

## Certificate

**Certificate Number:**

This is to certify that Mr/Mrs/Ms …………………..…, a resident of ………..……………..…, ward number …, …………… rural municipality/municipality, …………….. district and …………………province, has successfully completed the OJT programme on ……………..……… (topic) held at …………………..……. (employer's name) ………….. (employer's address) from 20…/… / … to 20…/ … / ….

| Date: | Signature and name on behalf of employer | Name, position, and signature on behalf of the Academy |
|---|---|---|

Note: The Academy may revise and customize the format of the certificate based on the type and circumstance of the training program.

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची ५

(दफा २३ को उपदफा (५) सँग सम्बन्धित)

**अनुगमन प्रतिवेदनको ढाँचा**

१. रोजगारदाताको नाम ठेगानाः ............

२. कार्यस्थलमा आधारित तालिमको विषयः ............

३. कार्यस्थलमा आधारित तालिमको अवधिः

- मिति २० / / गते देखि २० / / सम्म ............
- ................ (कुल घण्टा)

४. अनुगमन विवरण

(क) रोजगारदाता (कार्यस्थल)

- कार्यक्रम स्थानको अवस्थाः ................
- कार्यक्रम स्थलमा भएका सुविधाः ................
- कार्यक्रममा उपस्थित प्रशिक्षकको उपलब्धताः ................
- प्रशिक्षकले प्रदान गरेको तालिमप्रति सहभागीको प्रतिक्रिया (नाम र सम्पर्क नम्बरसमेत उल्लेख गर्नुपर्ने):...........
- कार्यक्रम सञ्चालन विधिः ................
- समय पालनाको अवस्थाः ................
- तालिममा प्रयोग भएको कच्चा पदार्थ र प्रविधिको उपयुक्तताः ................
- प्रयोग गरिएको पाठ्यक्रमः ................

(ख) प्रशिक्षार्थीका सम्बन्धमा

- छनौट भएका र सहभागी भएका सङ्ख्याः ................
- समय पालना र आचारसंहिता पालनाको अवस्थाः ................
- सीप सिकाइप्रतिको रुचिः ................
- सिकाइमा समान अवसर पाए नपाएकोः ................
- तालिम प्रविधिमा पहुँचको अवसरः ................
- सुविधाको अवस्थाः ................

(ग) प्रशिक्षकका सम्बन्धमा

- पाठ्यक्रम बमोजिम क्रियाकलाप सञ्चालन गरे नगरेकोः ................
- समय पालनाको अवस्थाः ................

(घ) कार्यस्थलमा आधारित तालिम कार्यक्रमको प्रगतिको अवस्था

| मुख्य क्रियाकलापहरू | सहायक क्रियाकलापहरू | सूचक/पुष्टि गर्ने आधार | प्रगति अवस्था |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| कार्यक्रमका मुख्य क्रियाकलापहरु | • | • | |
| प्रविधि बारेको जानकारी | • | • | |

(ङ) कार्यक्रम सञ्चालनको गुणस्तरको अवस्थाः ................

(च) अनुगमन गरेको दिनको अवस्थाः

- प्रशिक्षकको उपस्थितिः ................
- प्रशिक्षार्थीको उपस्थितिः ................
- गर्दै गरेको क्रियाकलापको सङ्क्षिप्त विवरणः

५. रोजगारदाताले प्रदान गरेको सेवासुविधासम्बन्धी प्रशिक्षार्थीको प्रतिक्रिया (नाम र सम्पर्क नम्बर उल्लेख गर्ने):

६. रोजगारदाताले प्रदान गरेको सेवासुविधासम्बन्धी प्रशिक्षकको प्रतिक्रिया (नाम र सम्पर्क नम्वर उल्लेख गर्ने):

७. सम्झौतामा उल्लेख गरिएका अन्य क्रियाकलापहरू सम्बन्धमा

(क)...............................

(ख)...............................

(ग)...............................

८. अनुगमनकर्ताको सुझावः

(क) प्रशिक्षार्थीलाईः ................

(ख) प्रशिक्षकलाई ...............

(ग) रोजगारदातालाईः ................

९. समग्र मूल्याङ्कनको निष्कर्षः .............

अनुगमनकर्ताको नाम र पदः

अनुगमन गरेको मितिः

प्रतिवेदन पेश गरेको मितिः

(नोटः कार्यक्रमको प्रकृतिअनुसार प्रशिक्षण प्रतिष्ठानले आवश्यकताका आधारमा थप सूचक बनाई लागू गर्न सक्नेछ)

## अनुसूची- ६

(दफा २५ को उपदफा (२) सँग सम्बन्धित)

**तालिम सम्पन्न भएपश्चात् कार्यक्रमको तालिम प्रतिवेदनको ढाँचा**

१. रोजगारदाताको नाम ठेगाना:

२. कार्यस्थलमा आधारित तालिम सञ्चालनको विवरण:

| तालिमको नाम/विषय | कुल कार्य घण्टा | कुल अवधि | कुल आवेदक सङ्ख्या | | | कुल प्रशिक्षार्थी छनौट सङ्ख्या | | | तालिम सम्पन्न गर्ने कुल प्रशिक्षार्थीको सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | अन्य | महिला | पुरुष | अन्य | महिला | पुरुष | अन्य |
| | | | | | | | | | | | |

३. कार्यस्थलमा आधारित तालिम कार्यक्रम सञ्चालन गरिएको स्थान:

४. तालिम सम्पन्न गर्ने प्रशिक्षार्थीको विवरण:

| नाम | ठेगाना | लिङ्ग | सम्पर्क नम्बर | नागरिकता नम्बर |
|---|---|---|---|---|
| | | | | |

५. हालसम्मका उपलब्धि:

६. देखापरेका प्रमुख समस्या र चुनौतीहरू:

७. भुक्तानीको विवरण:

| मिति | प्राप्त रकम (रुपैयाँमा) |
|---|---|
| | |

८. सुझावहरू:

समावेश गर्नुपर्ने: प्रशिक्षार्थीहरूको दैनिक हाजिरी र मूल्याङ्कन

रोजगारदाताको नाम:

रोजगारदाताको ठेगाना:

रोजगारदाताको तर्फबाट हस्ताक्षर गर्नेको नाम र पद:

रोजगारदाताको हस्ताक्षर :

मिति:

रोजगारदाताको छाप:

## अनुसूची- ७

(दफा २५ को उपदफा (३) सँग सम्बन्धित)

**रोजगारी सुनिश्चितताको अवधि सम्पन्न भएपश्चात् कार्यक्रमको अन्तिम प्रतिवेदनको ढाँचा**

१. रोजगारदाताको नाम ठेगाना:

२. सुनिश्चित गरेको रोजगारी:

| प्रदान गरिएको रोजगारीको पद/नाम | दैनिक कार्य घण्टा | कुल अवधि | रोजगारी शुरु गर्नेको सङ्ख्या | | | रोजगारी सम्पन्न गर्नेको सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | अन्य | महिला | पुरुष | अन्य |
| | | | | | | | | |
| | | | | | | | | |

३. रोजगारी सुनिश्चित गरिएको स्थान:

४. देखापरेका प्रमुख समस्या र चुनौतीहरू:

५. भुक्तानीको विवरण:

| मासिक तलब र सुविधा | कुल रकम |
|---|---|
| | |
| | |

७. सुझावहरू:

रोजगारदाताको नाम:

रोजगारदाताको ठेगाना:

रोजगारदाताको तर्फबाट हस्ताक्षर गर्नेको नाम र पद:

रोजगारदाताको हस्ताक्षर :

मिति:

रोजगारदाताको छाप: